नेपाल सरकार
**शिक्षक सेवा आयोग**
सानोठिमी, भक्तपुर, नेपाल
फोन : ०१-६६३७८७३
इमेल : tscapplication1@gmail.com
वेभसाइट : www.tsc.gov.np

# शिक्षक सेवा आयोग
# अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७९




नेपाल सरकार
**शिक्षक सेवा आयोग**
सानोठिमी, भक्तपुर

स्वीकृत मितिः २०७९।२।१७

शिक्षक सेवा आयोग

# अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७९

सामुदायिक विद्यालयमा रिक्त शिक्षक पदमा खुल्ला तथा आन्तरिक प्रतिस्पर्धाद्वारा पदपूर्तिका लागि शिक्षक सेवा आयोगबाट सञ्चालन गरिने अन्तर्वार्तालाई नियमित, मर्यादित, व्यवस्थित र विश्वसनीय रुपमा सञ्चालन गर्नको लागि वाञ्छनीय भएकोले, शिक्षक सेवा आयोग नियमावली २०५७, को नियम ५४ ले दिएको अधिकार प्रयोग गरी शिक्षक सेवा आयोगले देहाय बमोजिमको अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७९ जारी गरेको छ ।

## परिच्छेद १
## प्रारम्भिक

**१.१ सङ्क्षिप्त नाम र प्रारम्भः**

क. यस निर्देशिकाको नाम "शिक्षक सेवा आयोग अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७९" रहेको छ ।

ख. यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

**१.२ परिभाषाः**

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क. "ऐन" भन्नाले शिक्षा ऐन २०२८, सम्झनुपर्छ ।

ख. "नियमावली" भन्नाले शिक्षक सेवा आयोग नियमावली, २०५७, सम्झनुपर्दछ ।

ग. "आयोग" भन्नाले शिक्षक सेवा आयोग सम्झनुपर्दछ ।

घ. "अन्तर्वार्ता" भन्नाले आयोग वा आयोगबाट अधिकार प्रत्यायोजन भए बमोजिम सञ्चालन हुने अन्तर्वार्ता समेतलाई सम्झनुपर्छ ।

ङ. "अन्तर्वार्ता व्यवस्थापन समिति" भन्नाले यस निर्देशिकाको दफा २.१.२ र २.१.३ बमोजिमको समितिलाई सम्झनुपर्दछ ।

च. "दक्ष" भन्नाले प्रशासन तथा व्यवस्थापनका क्षेत्रमा अनुभव हासिल गरेको व्यक्तिलाई सम्झनुपर्दछ ।

छ. "विज्ञ" भन्नाले शिक्षण सिकाइ, कक्षा व्यवस्थापन, शिक्षण विधि र प्रभावकारी शिक्षण तथा मूल्याङ्कनका क्षेत्रमा कुशलता हासिल गरेका व्यक्तिलाई सम्झनुपर्दछ ।

ज. "विशेषज्ञ" भन्नाले तोकिएको विषयको विज्ञता हासिल गरेको व्यक्तिलाई सम्झनुपर्दछ ।

१.३ निर्देशिकाको प्रयोग र पालनाः

यस निर्देशिकाको प्रयोग र पालना आयोग स्वयम् वा आयोगको निर्णयअनुसार सञ्चालन हुने अन्तर्वार्तामा प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा संलग्न हुने सबै जिम्मेवार व्यक्ति, पदाधिकारी, विशेषज्ञ र निकायहरुले गर्नुपर्नेछ ।

## परिच्छेद २
## अन्तर्वार्ता सञ्चालन र व्यवस्थापन

२.१ अन्तर्वार्ता व्यवस्थापन समितिः अन्तर्वार्तालाई नियमित, मर्यादित, व्यवस्थित र विश्वसनीय रुपमा सञ्चालन गर्नको लागि केन्द्र, प्रदेश र जिल्लास्तरमा एक/एक अन्तर्वार्ता व्यवस्थापन समिति रहनेछ ।

२.१.१ केन्द्रीय स्तरमा सञ्चालन हुने अन्तर्वार्ताको व्यवस्थापन आयोगले तोकेबमोजिम हुनेछ ।

२.१.२ प्रदेश अन्तर्वार्ता व्यवस्थापन समितिमा निम्नानुसारका पदाधिकारीहरु रहनेछन् ।

क. शिक्षा विकास निर्देशनालयका निर्देशक — संयोजक

ख. अन्तर्वार्ता मुकाममा अवस्थित विश्वविद्यालयहरुका आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसहरुका प्रमुख वा सहायक प्रमुखमध्ये निर्देशकले मनोनीत गरेको एकजना -सदस्य

ग. अन्तर्वार्ता मुकामको शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख -सदस्य

२.१.३ जिल्ला अन्तर्वार्ता व्यवस्थापन समितिमा निम्नानुसारका पदाधिकारीहरु रहनेछन् ।



क. शिक्षा विकास तथा समन्वय इकाइ प्रमुख — संयोजक

ख. जिल्लाभित्र सञ्चालित विश्वविद्यालयहरुका आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसहरुबाट प्रमुख वा सहायक प्रमुखमध्ये इकाइ प्रमुखले मनोनीत गरेको एकजना -सदस्य

ग. शिक्षा सेवामा कार्यरत वा निवृत्त न्यूनतम अधिकृत स्तरका कर्मचारी मध्ये इकाइ प्रमुखले मनोनीत गरेको एकजना -सदस्य

२.२ प्रदेश तथा जिल्ला अन्तर्वार्ता व्यवस्थापन समितिले आवश्यकता अनुसार बढीमा तिन जनासम्मलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

२.३ अन्तर्वार्ता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारः अन्तर्वार्ता व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. आयोगले जारी गरेको सूचनाका आधारमा अन्तर्वार्ता सञ्चालनको योजना बनाउने र सो योजना कार्यान्वयन गर्ने गराउने,

ख. अन्तर्वार्ता सञ्चालन हुने स्थानको छनोट गर्ने र अन्तर्वार्ता दिन आउने उम्मेदवारहरुलाई आवश्यक सूचना समयमै दिने व्यवस्था मिलाउने,

ग. अन्तर्वार्ता स्वच्छ, निष्पक्ष र तटस्थ रुपमा सञ्चालन गर्ने गराउने,

घ. उम्मेदवारलाई अनुसूची १ को फाराम भराउने व्यवस्था गर्ने,

ङ. तोकिएका मापदण्डका आधारमा अन्तर्वार्ता सञ्चालनका लागि विशेषज्ञहरुको छनोट गर्ने,

च. समितिका कुनै सदस्यलाई अधिकार प्रत्यायोजन गरेको अवस्थामा बाहेक अन्तर्वार्ता सञ्चालनका लागि छनोट भएका दक्ष/विज्ञ/विशेषज्ञलाई समितिका संयोजकले आमन्त्रण गर्ने,

छ. अन्तर्वार्ता लिने दक्ष/विज्ञ/विशेषज्ञलाई अभिमुखीकरण गर्ने र दफा ५.१ मा उल्लेख गरिएको आचारसंहिताको बारेमा जानकारी गराउने,

ज. अन्तर्वार्ता समितिको गठन अनिवार्य रुपमा गोला प्रथाबाट गर्ने,

झ. अन्तर्वार्ता लिनका लागि आएका दक्ष/विज्ञ/विशेषज्ञहरुको मोवाइल फोन switch off Switch off गर्न लगाइ अन्तर्वार्ता लिने समयसम्मका लागि बुझिलिई राख्ने व्यवस्था गर्ने,

ञ. अन्तर्वार्ता समितिका दक्ष/विज्ञ/विशेषज्ञहरु अन्तर्वार्ता लिने कोठामा प्रवेश गरिसकेपछि मात्र समितिलाई अन्तर्वार्ता लिनुपर्ने उम्मेदवारको नामावली उपलब्ध गराउने,

ट. कुनै दक्ष/विज्ञ/विशेषज्ञले अन्तर्वार्ता लिने समूहमा आफ्नो नातेदार

व्यक्ति परेको व्यहोरा जानकारी गराएको अवस्थामा निजलाई नातेदार व्यक्ति नभएको समूहको अन्तर्वार्ता समितिमा समावेश गर्ने व्यवस्था मिलाउने,

ठ. झुटा विवरण पेश गरी आफ्नो नातेदारको अन्तर्वार्ता लिने र अन्तर्वार्तामा अनियमित काम गर्ने दक्ष/विज्ञ/विशेषज्ञ तथा कर्मचारीलाई कालो सूचीमा राखी सम्बन्धित निकायमा कारबाहीका लागि सिफारिस गर्ने,

ड. अन्तर्वार्ता लिने दक्ष/विज्ञ/विशेषज्ञहरुलाई कालो मसी भएको कलम उपलब्ध गराउने,

ढ. अन्तर्वार्ता सञ्चालनका लागि आवश्यक भौतिक र कर्मचारीको व्यवस्थापन गर्ने गराउने,

ण. एक सत्र/दिनको अन्तर्वार्ता सकिएपछि अन्तर्वार्तासम्बन्धी गोप्य कागजातहरु सिलबन्दी लाहाछाप लगाइ कार्यालयमा राख्ने व्यवस्था मिलाउने,

त. अन्तर्वार्ता सम्पन्न भईसकेपछि सो सम्बन्धी गोप्य कागजातहरु सुरक्षित तवरले आयोगसम्म पुर्‍याउन आवश्यक प्रबन्ध मिलाउने,

थ. तोकिएको दिनमा अन्तर्वार्ता दिन छुट भएका उम्मेदवारहरुको निवेदन र संलग्न कागजातहरु अध्ययन गरी नियमावली तथा निर्देशिकामा उल्लेख भएका कारणबाटै अन्तर्वार्ता छुट भएको भन्ने कुराको सुनिश्चितता गर्ने र आयोगसँगको परामर्शमा त्यस्ता उम्मेदवारहरुको छुट अन्तर्वार्ता सञ्चालनको व्यवस्था गर्ने,

द. अन्तर्वार्ता सञ्चालन गर्दा कुनै समस्या आइपरेमा तत्काल आयोगमा सम्पर्क गरी समस्या समाधानका उपयुक्त उपायहरुको खोजी गरी कार्यान्वयनमा ल्याउने,

ध. अन्तर्वार्ता समाप्त भएसकेपछि अनुसूची २ अनुसारको प्रतिवेदन अनिवार्य रुपमा तयार पारी समितिका सबै सदस्यहरुले सही गरेर गोप्य कागजातहरुका साथ आयोगमा पठाउने,

न. आयोगको निरन्तर सम्पर्कमा रही आयोगको निर्देशनअनुसार काम गर्ने गराउने,

प. शिक्षक सेवा आयोगले तोकिदिएका अन्य कामहरु गर्ने गराउने ।

२.४ **अन्तर्वार्ता सञ्चालन समितिको गठनः** अन्तवार्तालाई व्यवस्थित र प्रभावकारी रुपमा सञ्चालन गर्न र मूल्याङ्कन प्रक्रियालाई वस्तुनिष्ठ बनाउने प्रयोजनका लागि तहगत रुपमा प्रत्येक समूहमा देहायको अन्तर्वार्ता समिति गठन गर्नुपर्नेछः



क. निम्न माध्यमिक र माध्यमिक तहः

(अ) दक्ष/विज्ञ — दुईजना

(आ) विशेषज्ञ — एकजना

ख. प्राथमिक तहः

(अ) विज्ञ/दक्ष/विशेषज्ञ — तीन जना

## २.५ अन्तर्वार्ता समूहसम्बन्धी व्यवस्थाः

क. अन्तर्वार्ताको लागि दक्ष र विज्ञ वा दुबै सहितको तीन सदस्यीय अन्तर्वार्ता समूह रहनेछ ।

ख. अन्तर्वार्ता समूहमा रहने दक्ष/विज्ञ र विशेषज्ञको चयन गोला प्रथाबाट गर्नुपर्नेछ ।

तर, निम्न माध्यमिक र माध्यमिक तहको कुनै विषयको अन्तर्वार्ताका लागि एउटा मात्र समूह भएमा सोही समूहका विषय विशेषज्ञलाई अन्तर्वार्ता व्यवस्थापन समितिको संयोजक वा निजले तोकेको सदस्यले अतिगोप्य रुपमा आमन्त्रण गर्नुपर्नेछ ।

## २.६ अन्तर्वार्ता सञ्चालन समितिका संयोजकः

२.६.१ अन्तर्वार्ता सञ्चालन समितिमा रहने तीनजना सदस्यहरुमध्ये पद, शैक्षिक योगयता र अनुभवका दृष्टिले जेष्ठ (Senio (senior) सदस्यले संयोजक भई काम गर्नुपर्नेछ ।

२.६.२ अन्तर्वार्ता सञ्चालन समितिका संयोजकको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. समितिका सदस्यहरु बीच परिचय गराउने,

ख. प्रवेशात्मक प्रश्न सोध्ने र अन्त्य गर्ने,

ग. अन्तर्वार्तामा उम्मेदवारहरुलाई प्रश्न सोध्न सदस्यहरुको पालो तोक्ने,

घ. अन्तर्वार्ता दिन आएका उम्मेदवारलाई सहज वातावरण सिर्जना गर्ने,

५. अन्तर्वार्ता कक्षमा विशेषज्ञहरु बीच एकआपसमा सल्लाह नगरी व्यक्तिगत रुपमा अङ्क प्रदान गर्ने र आफूले प्रदान गरेको अङ्कका बारेमा कसैलाई पनि जानकारी नगराउने ।

## परिच्छेद ३

## दक्ष/विज्ञ/विशेषज्ञ छनोटसम्बन्धी मापदण्ड

३.१ अन्तर्वार्ताका लागि दक्ष/विज्ञ/विशेषज्ञ छनोटः आयोगबाट सञ्चालन हुने माध्यमिक, निम्न माध्यमिक र प्राथमिक तहको बिभिन्न श्रेणीका लागि दक्ष/विज्ञ/विषय विशेषज्ञहरुको छनोट गर्दा देहायका मापदण्डमा आधारित भई गर्नुपर्नेछ ।

३.१.१ माध्यमिक तह प्रथम श्रेणी

क. न्यूनतम शैक्षिक योग्यता कम्तीमा स्नातकोत्तर भई निजामती सेवामा विशिष्ट श्रेणीमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति,

ख. न्यूनतम शैक्षिक योग्यता कम्तीमा स्नातकोत्तर भई विश्वविद्यालयको प्राध्यापक पदमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति ।

३.१.२ माध्यमिक तह द्वितीय र निम्न माध्यमिक तह प्रथम श्रेणी

क. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई निजामती सेवामा कम्तीमा राजपत्राङ्कित प्रथम श्रेणीको पदमा बहालवाला वा सो पदबाट सेवा निवृत्त व्यक्ति,

ख. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसको कम्तीमा सहप्राध्यापक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति,

ग. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई सामुदायिक विद्यालयको कम्तीमा माध्यमिक तहको प्रथम श्रेणीको शिक्षक पदमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति ।

३.१.३ माध्यमिक तह तृतीय श्रेणी, निम्न माध्यमिक तह द्वितीय श्रेणी र प्राथमिक तह प्रथम श्रेणी

क. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई निजामती सेवामा कम्तीमा द्वितीय श्रेणीको पदमा वहालवाला वा सो पदवाट सेवा निवृत्त व्यक्ति,

ख. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसको कम्तीमा उपप्राध्यापक पदमा स्थायी रुपमा सेवारत वा सो पदवाट सेवा निवृत्त व्यक्ति,

ग. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई सामुदायिक विद्यालयको कम्तीमा माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक पदमा सेवारत वा सो पदवाट सेवा निवृत्त व्यक्ति ।



३.१.४ निम्न माध्यमिक तह तृतीय र प्राथमिक तह द्वितीय श्रेणी

क. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई निजामती सेवामा राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा वहालवाला वा सो पदबाट सेवा निवृत्त व्यक्ति वा कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको पदमा ७ वर्ष सेवा अवधि पूरा गरेको वहालवाला वा राजपत्राङ्कित तृतीय श्रेणीको पदमा ७ वर्ष सेवा अवधि पूरा गरी सो पदबाट सेवा निवृत्त व्यक्ति,

ख. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसको कम्तीमा उपप्राध्यापक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति,

ग. शैक्षिक योग्यता स्नातकोत्तर वा स्नातक भई सामुदायिक विद्यालयको कम्तीमा माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक पदमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति ।

३.१.५ प्राथमिक तह तृतीय श्रेणी

क. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर वा स्नातक भई निजामती सेवाका राजपत्राङ्कित द्वितीय श्रेणीको पदमा बहालवाला वा सो पदबाट सेवा निवृत्त व्यक्ति वा कम्तीमा राजपत्राङ्कित तृतीय श्रेणीको पदमा ७ वर्ष सेवा अवधि पूरा गरेको बहालवाला वा राजपत्राङ्कित तृतीय श्रेणीको पदमा ७ वर्ष सेवा अवधि पूरा गरी सो पदबाट सेवा निवृत्त व्यक्ति,

ख. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर भई विश्वविद्यालयको आङ्गिक वा सम्बन्धन प्राप्त क्याम्पसको कम्तीमा उपप्राध्यापक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति,

ग. न्यूनतम शैक्षिक योग्यता स्नातकोत्तर वा स्नातक भई सामुदायिक विद्यालयको माध्यमिक तहको द्वितीय श्रेणीको शिक्षक पदमा स्थायी रुपमा सेवारत वा सो पदबाट सेवा निवृत्त व्यक्ति,

### ३.२ विशेषज्ञको छनोट गर्दा ध्यान दिनुपर्ने कुराहरु

अन्तर्वार्ताका लागि विशेषज्ञको छनोट गर्दा देहाय बमोजिम गर्नुपर्नेछः

क. उपलब्ध भएसम्म सम्बन्धित जिल्लाभित्रका विशेषज्ञहरुलाई नै प्राथमिकतामा राखेर छनोट गर्ने,

ख. जिल्लाभन्दा बाहिरका विशेषज्ञ छनोट गर्नुपर्ने अवस्था भएमा नजिकको छिमेकी जिल्लाका विशेषज्ञलाई प्राथमिकतामा राख्ने,

ग. विशेषज्ञहरुको छनोट गर्दा उपलब्ध भएसम्म महिला, आदिवासी जनजाती, मधेसी र दलितसमेतको समूहबाट प्रतिनिधित्व गराई सकेसम्म समावेशी चरित्रको अन्तर्वार्ता समिति बनाउने,

घ. अन्तर्वार्ताका लागि छनोट भएको विशेषज्ञलाई अन्तर्वार्ता हुनुभन्दा बढीमा १२ घन्टाअघि मात्र सो को जानकारी अतिगोप्य रुपमा दिई निजहरुलाई अन्तर्वार्ता शुरु हुने समयभन्दा कम्तीमा एक घण्टा अगाडि अन्तर्वार्ता सञ्चालन हुने स्थानमा आइपुग्न आमन्त्रण गर्ने,

ङ. दुई सिफ्टमा अन्तर्वार्ता सञ्चालन हुने र दुबै सिफ्टका लागि एउटै अन्तर्वार्ता समितिले अन्तर्वार्ता लिने अवस्थामा दिउँसोको खानाको व्यवस्था अन्तर्वार्ता सञ्चालन हुने परिसर भित्रै गरी विशेषज्ञहरुलाई दुबै सिफ्टको अन्तर्वार्ता समाप्त भइसकेपछि मात्र अन्तर्वार्ता सञ्चालन भएको परिसर बाहिर जान पाउने व्यवस्था मिलाई सो कुराको जानकारी विशेषज्ञहरुलाई गराउने,

च. माध्यमिक र निम्न माध्यमिक तहका लागि उपलब्ध भएसम्म प्रत्येक सत्र र दिनका लागि फरक फरक विषय विशेषज्ञको व्यवस्था गर्ने,

झ. विशेषज्ञको नातेदार व्यक्ति अन्तर्वार्तामा सहभागी हुने अवस्थामा त्यस्तो विशेषज्ञलाई सो समूहमा अन्तर्वार्ताकारका रुपमा सहभागी नगराउने,

ज. कुनै विशेषज्ञको नातेदार व्यक्ति आफैले लिने अन्तर्वार्ता समूहमा परेको पाइएमा त्यस्तो विशेषज्ञलाई निजको नातेदार व्यक्ति नरहेको अन्तर्वार्ता समूहको अन्तर्वार्ता समितिमा समावेश गराइ अन्तर्वार्ता लिने व्यवस्था मिलाउने,

झ. झुटो विवरण पेश गरी आफ्नो नातेदारको अन्तर्वार्ता लिएको पाइएमा र आचारसंहिता पालना नगरेमा त्यस्तो विशेषज्ञलाई निजको सेवा समूहसम्बन्धी कानुनका आधारमा कारवाहीका लागि आयोगले सम्बन्धित निकायमा लेखी पठाउने र निजलाई भविष्यमा शिक्षक सेवा आयोगसम्बन्धी कुनै पनि काममा समावेश नगराउने,

ञ. तीनओटै तहको अन्तर्वार्ता सञ्चालनका लागि समितिका सदस्यको छनोट गर्दा निजामती कर्मचारी, शिक्षक र प्राध्यापकका पेशागत सङ्घ/संस्थामा वहालवाला पदाधिकारी छनोट गर्न पाइने छैन ।
(स्पष्टिकरणः पदाधिकारी भन्नाले कार्य समितिको अध्यक्ष, उपाध्यक्ष, महासचिव, सचिव र कोषाध्यक्षसम्मको पदमा कार्यरत व्यक्ति भन्ने बुझ्नुपर्दछ ।)

३.३ अन्तर्वार्ता सञ्चालन समिति गठन गर्दा एक सत्रका लागि आवश्यक पर्ने सबै दक्ष विज्ञ विशेषज्ञहरु बीच एकैपटक गोला प्रथाबाट गर्नुपर्नेछ ।



३.४ उल्लिखित योग्यता भएका विषय विशेषज्ञहरु उपलब्ध हुन नसकेको अवस्थामा सो को जानकारी आयोगमा गराई आयोगले निर्देशन गरेअनुसार गर्नुपर्नेछ ।

## परिच्छेद ४
## अन्तर्वार्ता सञ्चालनमा सङ्लग्न निकायको भूमिका

४.१ अन्तर्वार्ता सञ्चालन र व्यवस्थापनका लागि शिक्षा विकास निर्देशनालय र शिक्षा विकास तथा समन्वय इकाइको भूमिका देहाय बमोजिम हुनेछ :

क. अन्तर्वार्ता सञ्चालनसम्बन्धी कार्यको व्यवस्थापन गर्न अन्तर्वार्ता व्यवस्थापन समितिको सचिवालयको रुपमा काम गर्ने,

ख. अन्तर्वार्ता व्यवस्थापन समितिको बैठकमा छलफल गरिने विषयवस्तुहरु तयार पार्ने,

ग. अन्तर्वार्ता व्यवस्थापन समितिको बैठक आयोजना गरी तय गरिएका बैठकका विषयवस्तु लगायत अन्तर्वार्ता सञ्चालनसम्बन्धी आवश्यक अन्य विषयवस्तुहरु निर्णयका लागि बैठकमा पेश गर्ने,

घ. अन्तर्वार्ता व्यवस्थापन समितिका निर्णयहरु कार्यान्वयन गर्ने गराउने,

ङ. उम्मेदवारलाई अन्तर्वार्तासम्बन्धी सूचना जारी गर्ने,

च. अन्तर्वार्तामा सामेल हुन आउने उम्मेदवारले आफूले शिक्षक सेवा आयोगको विज्ञापनमा अन्य तह र विषयको लिखित परीक्षामा उत्तीर्ण भएको/अन्तर्वार्तामा सामेल भई उत्तीर्ण भएको भए त्यस्ता उम्मेदवारलाई अनुसूची ३ बमोजिमको फाराम अनिवार्य रुपमा भर्न लगाइ उनीहरुको फाइलमा राखी आयोगमा पठाउने,

छ. अन्तर्वार्ताका लागि सम्पर्क गर्न आएका उम्मेदवारलाई अनुसूची १ बमोजिमको व्यक्तिगत विवरण भर्न लगाइ आयोगमा पठाउने,

ज. अन्तर्वार्ता सञ्चालनका लागि विशेषज्ञहरुको रोष्टर सूची अनुसूची ४ मा उल्लेख भएको ढाँचामा तयार गर्ने,

झ. आयोगले उपलब्ध गराएको लिखित परीक्षाको नतिजा र अन्तर्वार्ता समूहका आधारमा अन्तर्वार्ता दिने उम्मेदवारहरुको नामावली समूहगत रुपमा तयार गर्ने,

ञ. अन्तर्वार्तामा खटाइएका विशेषज्ञहरुको हाजिरी अनुसूची ५ मा उल्लेख भएको ढाँचामा गराइ अन्तर्वार्ता सम्बन्धी गोप्य कागजातसँगै आयोगमा

पठाउने,

ट. अन्तर्वार्ता दिन आएका उम्मेदवारहरुको हाजिरी अनुसूची ६ र अन्तर्वार्तामा खटिएका कर्मचारीहरुको हाजिरी अनुसूची ७ मा भएको ढाँचामा गराउने,

ठ. अन्तर्वार्ता हुनुभन्दा एकदिन अगाडि अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारहरुको समूहगत नामावली अनुसूची ८ अनुसार अनिवार्य रुपमा सूचना पाटीमा प्रकाशन गर्ने र सोको एकप्रति आयोगमा पठाउने,

ड. अन्तर्वार्ता सञ्चालनका लागि आवश्यक पर्ने कर्मचारी व्यवस्थापन गर्ने,

ढ. अन्तर्वार्ता सञ्चालन हुने स्थान निर्धारण गर्ने र सो स्थानमा अन्तर्वार्ता सञ्चालनका लागि आवश्यक भौतिक सामग्रीहरुको व्यवस्था मिलाउने,

ण. आयोगले दिएको निर्देशनका आधारमा अन्तर्वार्ता सञ्चालन गर्ने,

त. अन्तर्वार्ता दिन आएका उम्मेदवारहरुलाई अन्तर्वार्ता हुने स्थान, समय र अन्तर्वार्ता दिन आउँदा उनीहरुले ल्याउनु पर्ने कागजात इत्यादि बारे जानकारी दिने,

थ. अन्तर्वार्ता सञ्चालनका समयमा कुनै समस्या आएमा आयोगमा तुरुन्त सम्पर्क गरी आयोगबाट निर्देशन भएअनुसार गर्ने गराउने,

द. अन्तर्वार्तामा खटिएका विशेषज्ञ र कर्मचारीहरुलाई आयोगले उपलब्ध गराएको पारिश्रमिक अनुसूची ९ मा उल्लेख भएको ढाँचामा उपलब्ध गराउने,

ध. अन्तर्वार्तामा खटिएका कर्मचारीहरुलाई खुला र आन्तरिक प्रतियोगिताबाट अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारहरुको अनुभव तथा शैक्षिक योग्यतासम्बन्धी विवरण अनुसूची १० र ११ बमोजिम भर्न लगाउने,

न. अन्तर्वार्ता सञ्चालन भइसकेपछि अन्तर्वार्ता सम्बन्धी गोप्य कागजातहरु सुरक्षित साथ आयोगमा तुरुन्त पठाउने,

प. शिक्षक सेवा आयोगले तोकेका अन्य कामहरु गर्ने गराउने ।

## परिच्छेद ५

## विविध

**५.१ दक्ष/विज्ञ/विशेषज्ञहरुले पालना गर्नुपर्ने आचारसंहिताः** अन्तर्वार्तामा संलग्न हुने विशेषज्ञहरुले शिक्षक सेवा आयोगको आचारसंहिता, २०७८ मा भएको व्यवस्थाका अतिरिक्त देहायका आचारसंहिता पालना गर्नुपर्नेछः

क. शिक्षकहरुको छनोटको लागि लिइने अन्तर्वार्ताका लागि विशेषज्ञका रुपमा आमन्त्रित भएको कुरा कहीं कसैलाई पनि नबताउने,



ख. अन्तर्वार्ता शुरु हुनुभन्दा कम्तीमा एक घण्टा अगाडि सम्बन्धित शिक्षा विकास निर्देशनालय/ शिक्षा विकास तथा समन्वय इकाइ/अन्तर्वार्ता केन्द्रमा अन्तर्वार्ता लिनका लागि उपस्थित हुने,

ग. अन्तर्वार्ता सञ्चालन गर्नका लागि अन्तर्वार्ता केन्द्रमा पुगिसकेपछि आफ्नो मोवाइल फोन switch off Switch Off गरी एउटा खाममा राखेर खामको बाहिरपट्टि आफ्नो नाम र फोन नं. लेखी शिक्षा विकास निर्देशक/शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखको जिम्मामा दिने र अन्तर्वार्ता समास भइसकेपछि मात्र आफ्नो मोवाइल फोन साथमा लिएर जाने,

घ. अन्तर्वार्ता शुरु हुनुभन्दा अगाडि अन्तर्वार्ता व्यवस्थापन समितिले उपलब्ध गराएको अन्तर्वार्ता लिनुपर्ने उम्मेदवारहरुको सूची अध्ययन गरी उक्त समूहमा आफ्नो नातेदार व्यक्ति परेमा सो को जानकारी सम्बन्धित अन्तर्वार्ता व्यवस्थापन समितिलाई गराउने र त्यस्तो समूहमा बसेर कुनै हालतमा पनि अन्तर्वार्ता नलिने,

ङ. सदैव निष्पक्षता, तटस्थता र आफ्नो विज्ञतालाई उच्च नैतिकताका साथ आत्मसात गरी आयोगसम्बन्धी काम गर्ने,

च. अन्तर्वार्ता दिने व्यक्तिको उपयुक्तता वा अनुपयुक्तताका सम्बन्धमा अन्तर्वार्ता पूर्व, अन्तर्वार्ताका क्रममा वा अन्तर्वार्ता पश्चात एक आपसमा चर्चा नगर्ने,

छ. अन्तर्वार्ता सञ्चालन गरिने कक्षको वातावरण सकेसम्म आफू र अन्तर्वार्ता दिन आएका उम्मेदवारका लागि सहज बनाउने,

ज. अन्तर्वार्ताका समयमा उम्मेदवारहरुलाई प्रोत्साहित गर्ने किसिमले प्रश्न सोध्ने,

झ. अन्तर्वार्तामा सम्बन्धित तह र विषयको लिखित परीक्षाको पाठ्यक्रमलाई आधार बनाएर प्रश्नहरु सोध्ने,

ञ. अन्तर्वार्तामा सोधिने प्रश्नहरु सरलबाट जटिलको क्रममा बनाएर सोध्ने,

ट. कुनै पनि उम्मेदवारलाई कुनै पनि तरिकाले हतोत्साहित नगर्ने,

ठ. अन्तर्वार्ता दिन आएका सबै उम्मेदवारहरुलाई सोधिने प्रश्नहरुको कठिनाइस्तर सकभर एउटै बनाउन प्रयास गर्ने,

ड. सबै उम्मेदवारका लागि अन्तर्वार्ता लिने समयावधि समान बनाउन प्रयत्न गर्ने,

ढ. अनुसूची १२ र १३ मा भएको अन्तर्वार्ता फाराममा सफा र केरमेट

नगरी स्पष्ट बुझिने गरी कालो मसी भएको कलमले मात्र अङ्क प्रदान गर्ने ,

ण. अन्तर्वार्ताकर्ता बीच एक आपसमा सल्लाह नगरी व्यक्तिगत रुपमा अङ्क दिने,

त. अन्तर्वार्तामा उम्मेदवारलाई प्रदान गरिएको अङ्क लगायत अन्तर्वार्ता कक्षमा भएका कुनै पनि कुराहरु अन्तर्वार्ता समाप्त भएपछि बाहिर कहीं कतै व्यक्त नगर्ने,

थ. आफूले उम्मेदवारलाई दिएको अङ्क अन्तर्वार्ता फाराम बाहेक अन्य कागजमा टिपोट नगर्ने,

द. अन्तर्वार्ता फारामको तोकिएको स्थान र केरमेट भएको स्थानमा अनिवार्य रुपमा दस्तखत गरी प्रमाणित गरिदिने,

ध. कुनै ठाँउमा केरमेट गर्नुपरेमा सो स्थानमा एउटा तेर्सो धर्काले काटेर अनिवार्य रुपमा दस्तखत गरिदिने,

न. आफूले अन्तर्वार्ता लिने समूहमा एकभन्दा बढी जिल्लाका उम्मेदवारहरु भएका अवस्थामा एउटा जिल्लाका उम्मेदवारको अन्तर्वार्ता सकिएपछि सो जिल्लाका उम्मेदवारहरुको अन्तर्वार्ता फाराम लगायत अन्तर्वार्तासम्बन्धी सम्पूर्ण गोप्य कागजातहरु खाममा हालेर बन्द गरिसकेपछि मात्र अर्को जिल्लाका उम्मेदवारहरुको अन्तर्वार्ता लिने,

प. कुनै उम्मेदवारलाई ७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम अङ्क प्रदान गर्दा अनिवार्य रुपमा कारण खुलाउनु पर्ने,
तर, अन्तर्वार्ता समितिमा रहेका सबै सदस्यहरुले माथि उल्लिखित प्रतिशतमा अङ्क प्रदान नगरेको अवस्था देखिन आएमा ७० र ३५ प्रतिशतभित्रै रही अङ्क गणना हुनेछ ।

फ. कुनै विशेषज्ञले ७० प्रतिशतभन्दा बढी र ३५ प्रतिशतभन्दा कम अङ्क दिएर कारण नखुलाएको, अङ्क नै नदिएको र लापरबाही तरिकाले अङ्क दिएको पाइएमा त्यस्तो विशेषज्ञलाई कालो सूचीमा राखी भविष्यमा आयोगसम्बन्धी कुनै पनि काममा नलगाइने भएकाले यस कुरालाई विशेष ख्याल गर्ने,

ब. अन्तर्वार्ता कार्यक्रम सम्पन्न भएपछि अन्तर्वार्ता समितिका सदस्यले आफूले भरेको अन्तर्वार्ता प्राप्ताङ्क फाराम एक अर्कले नदेखने गरी 'क' खाममा राख्ने र समितिका सदस्यहरुको रोहवरमा 'क' खामलाई 'ख' खाममा राखी सिलबन्दी गरी दस्तखत गरेर सम्बन्धित पदाधिकारीलाई



बुझाउने,

भ. अन्तर्वार्ता लगायत शिक्षक सेवा आयोगसम्बन्धी कामहरु सहज रुपमा सम्पन्न गर्नका लागि सम्बन्धित अन्तर्वार्ता व्यवस्थापन समिति र शिक्षा विकास निर्देशनालय/शिक्षा विकास तथा समन्वय इकाइलाई आवश्यक सहयोग गर्ने ।

**५.२ अन्तर्वार्ता दिन आउने उम्मेदवारको दायित्व र जिम्मेवारीः** अन्तर्वार्ता दिन आउने उम्मेदवारले देहाय बमोजिमका दायित्व र जिम्मेवारी पूरा गर्नुपर्नेछः

५.२.१ अन्तर्वार्ता हुने दिन अन्तर्वार्ता हुने समयभन्दा एक घण्टा अगावै प्रत्येक उम्मेदवारले सम्बन्धित अन्तर्वार्ता केन्द्रमा अनिवार्य रुपमा सम्पर्क गरी व्यक्तिगत विवरण फाराम लिनु पर्ने,

५.२.२ अन्तर्वार्ता केन्द्रमा उपलब्ध गराइएको व्यक्तिगत विवरण फाराम भरी दरखास्त फाराम भर्दा पेश गरेका देहायका कागजातहरुको सक्कल प्रति र एक/एक प्रति प्रतिलिपि रेकर्ड फाइलमा पञ्जिकीकरण गरी पेश गर्नुपर्नेछः

- नागरिकताको प्रमाणपत्र
- प्रवेशपत्र
- अध्यापन अनुमतिपत्र
- माध्यमिक शिक्षा उत्तीर्ण परीक्षा (कक्षा १२) वा सो सरहको परीक्षा उत्तीर्ण गरेको शैक्षिक योग्यतादेखि माथिल्लो शैक्षिक योग्यताको प्रमाणपत्र
- स्वीकृत दरबन्दीमा स्थायी वा अस्थायी/राहत शिक्षकका रुपमा काम गरी हाल अन्तर्वार्तामा सामेल हुने उम्मेदवारले आफू जुन तहको अन्तर्वार्तामा सामेल हुने हो सोही तहको लागि पाएको स्थायी/अस्थायी नियुक्तिपत्र
- हालसालै खिचिएको पासपोर्ट साइजको एकप्रति फोटो
- विदेशी शिक्षण संस्थाबाट प्राप्त शैक्षिक प्रमाणपत्रको हकमा समकक्षता प्रमाणपत्र
- खुला/आन्तरिक प्रतियोगितात्मक परीक्षाको विज्ञापनका लागि दरखास्त दिने अन्तिम मितिसम्म स्वीकृत दरबन्दीमा स्थायी वा अस्थायी/राहत शिक्षक पदमा निरन्तर काम गरिरहेका भनी शिक्षा विकास तथा समन्वय इकाइ प्रमुखले प्रमाणित गरिदिएको सेवा निरन्तरताको कागजात

- समावेशी समूहमा छनोट भएकाको हकमा समावेशी समूहको प्रमाणपत्र

माथि उल्लिखित सक्कल कागजात लिई नआउने उम्मेदवारलाई कुनै हालतमा अन्तर्वार्तामा सामेल गराइने छैन ।

५.३ अन्तर्वार्ता सञ्चालन हुने दिन सार्वजनिक विदा परे पनि अन्तर्वार्ता सञ्चालन हुनेछ ।

५.४ कुनै उम्मेदवारले अन्तर्वार्तामा आफू सफल हुने मनसायले कसैलाई भनसुन गरेको, फोन गरेको र व्यक्तिगत प्रलोभनमा पारेको पाइएमा त्यस्ता उम्मेदवारको परीक्षा आयोगले रद्द गर्न सक्नेछ ।

५.५ आयोगको पूर्व सूचना बिना अन्तर्वार्ताको निधारित कार्यक्रम परिवर्तन वा स्थगित हुने छैन ।

५.६ नतिजा प्रकाशनसम्बन्धी कुनै त्रुटि भएमा आयोगको अभिलेखबाट सच्याइनेछ।

५.७ उम्मेदवारले पेश गरेका सक्कल कागजात रुजु गर्ने अधिकृत कर्मचारीले पेश गरेका सक्कल कागजात हेरी सोका आधारमा कागजातका प्रतिलिपिहरु प्रमाणित गरी निजको फाइलमा राख्ने व्यवस्था गर्नुपर्नेछ । तर सेवा निरन्तरताको कागजात भने सक्कलै राख्नु पर्नेछ ।

५.८ कुनै उम्मेदवारले सेवा प्रमाणित लगायत अन्य कुनै पनि झुटा विवरण पेश गरेको पुष्टि हुन आएमा आयोगले नियमावलीको नियम २६ बमोजिम कारवाही गर्नेछ ।

५.९ उम्मेदवारहरुको सङ्ख्या र विशेषज्ञहरुको उपलब्धताका आधारमा आयोगद्वारा तोकेबमोजिम अन्तर्वार्ता सञ्चालन हुनेछ ।

५.१० अन्तर्वार्ता कार्यक्रमको स्थान र समय आयोगले तोकेअनुसार हुनेछ।

५.११ काबु बाहिरको परिस्थितिका कारणले अन्तर्वार्तामा उपस्थित हुन नसकेका उम्मेदवारहरुबाट निवेदन पेश हुन आएमा आवश्यक प्रमाणका आधारमा अन्तर्वार्ता सञ्चालन भएको अवधिभित्र अन्तर्वार्तामा समावेश गरिनेछ । तर, उक्त अवधिभित्र निवेदन पेश नगरेको अवस्थामा अन्तर्वार्ता समाप्त भएका मितिले १० दिनभित्र आयोग वा सम्बन्धित शिक्षा विकास निर्देशनालय/शिक्षा विकास तथा समन्वय इकाइमा निवेदन दिएमा आवश्यक प्रमाण र तथ्यका आधारमा त्यस्ता उम्मेदवारहरुको छुट अन्तर्वार्ता शिक्षक सेवा आयोगले तोके बमोजिम हुनेछ ।



स्पष्टीकरणः "काबु बाहिरको परिस्थिति" भन्नाले देहायको अवस्थालाई सम्झनुपर्दछः

- दैवी विपत्ति (बाढी पहिरो गई बाटोघाटो बन्द हुनु) परेको
- सरकारी कामका कारणले उपस्थित हुन नसकेको
- किरिया बस्नु परेको
- सुत्केरी भएको
- अशक्त बिरामी भएको कुरा चिकित्सकबाट प्रमाणित भएको ।

५.१२ **अक्षराङ्कन पद्दति (लेटरग्रेडिङ्ग) को अङ्क गणना सम्बन्धी व्यवस्था** : नेपाल तथा विदेशी शिक्षण संस्थाबाट जारी शैक्षिक प्रमाणपत्रमा अक्षराङ्कन पद्दति (लेटरग्रेडिङ्ग) उल्लेख भएमा औषत स्तरीकृत अङ्क (GPA) लाई देहाय बमोजिम श्रेणी कायम गरी शैक्षिक योग्यता वापतको अङ्क गणना गरिनेछ ।

| क्र.सं. | स्तरीकृत अङ्क (GPA) | श्रेणी |
|---|---|---|
| १ | ४.० | प्रथम |
| २ | ३.६ | |
| ३ | ३.२ | द्वितीय |
| ४ | २.८ | |
| ५ | २.४ | तृतीय |
| ६ | २.० | |
| ७ | १.६ | |

५.१३ **बाधा अड्काउ फुकाउनेः** यस निर्देशिका कार्यान्वयन गर्दा कुनै बाधा अड्काउ आइपरेमा आयोगले फुकाउन सक्नेछ।

५.१४ **खारेजी र बचाउः**

क) अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७० खारेज गरिएको छ।

ख) अन्तर्वार्ता सञ्चालन निर्देशिका, २०७० बमोजिम भए गरेका काम कारवाही यसै निर्देशिका बमोजिम भए गरेको मानिने छ।

| पासपोर्ट साईजको फोटो टाँसी फोटो र फाराममा पर्ने गरी उम्मेदवारले दस्तखत गर्ने |
|---|

## अनुसूची - १

(दफा २.३ (घ) र ४.१ (छ) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

खुला प्रतियोगितात्मक परीक्षाको अन्तर्वार्तामा सहभागी उम्मेदवारको व्यक्तिगत विवरण

| वि. नं. | | प्रतिस्पर्धा गर्ने समूह |
|---|---|---|
| तह र श्रेणी | | |

परीक्षा दिएको तह र श्रेणीः रोल नं.

१. व्यक्तिगत विवरणः

| नाम, थर | लिङ्ग | जन्ममिति | दरखास्त लिएको जिल्ला | सम्पर्क नं. |
|---|---|---|---|---|
| | | साल /महिना/गते | | |
| | | | | |

स्थायी ठेगाना

| जिल्ला | स्थानीय तहको नाम | वडा नं. | बाबुको नाम,थर | आमाको नाम,थर | बाजेको नाम थर |
|---|---|---|---|---|---|
| | | | | | |

२. सम्बन्धित तहका लागि तोकिएको न्युनतम शैक्षिक योग्यता र एक तह माथिल्लो शैक्षिक योग्यता भएमा सो सम्बन्धी विवरणः

| क. सं. | योग्यता/तालिम | उपाधि | उत्तीर्ण गरेको साल | अध्ययन गरेको मूल विषय | शिक्षण संस्थाको नाम | कुल प्राप्ताङ्क /GPA | प्राप्ताङ्क प्रतिशत | श्रेणी |
|---|---|---|---|---|---|---|---|---|
| १ | न्यूनतम योग्यता | | | | | | | |
| २ | तालिम | | | | | | | |
| ३ | माथिल्लो योग्यता | | | | | | | |

३. अस्थायी /राहत अनुदान कोटामा कार्यरत उम्मेदवारले भर्नु पर्ने विवरणः

| क.सं. | अध्यापन गरेको विषय | ठेगाना | तह र श्रेणी | कार्यरत अवधि | | कैफियत |
|---|---|---|---|---|---|---|
| | | | | देखि | सम्म | |
| १ | | | | | | |
| २ | | | | | | |
| ३ | | | | | | |



उपर्युक्त विवरण ठीक साँचो हो । झुठा ठहरेमा कानुन बमोजिम सहनेछु ।

उम्मेदवारको ल्याप्चे सहीछाप

| दायाँ | बायाँ |
|---|---|
| | |

उम्मेदवारको दस्तखतः आवेदन रुजु गर्नेको दस्तखतः

मिति ——/——../——गते

नोटः

१ सम्बन्धित तहको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यता प्रमाणपत्र, एक तह माथिल्लो योग्यता भएमा सोको लब्धाङक पत्र र प्रवेशपत्रको प्रतिलिपिसहित फाइलमा राखी पेश गर्नुपर्नेछ । सूचनामा उल्लेख भएको बाहेक कुनै पनि प्रमाण पत्र संलग्न गर्नुपर्ने छैन ।

२ वैदेशिक शैक्षिक संस्थाबाट शैक्षिक उपाधि हासिल गरेको भए सोको समकक्षताको प्रमाणपत्र अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।

अनुसूची - २
(दफा २.३(ध) सँग सम्बन्धित)

नेपाल सरकार
शिक्षक सेवा आयोग
सानोठिमी, भक्तपुर

अन्तर्वार्ता समाप्त भईसकेपछि अन्तर्वार्ता व्यवस्थापन समितिले तयार गर्ने प्रतिवेदनको ढाँचा

अन्तर्वार्ता शुरु भएको मिति र समयः

अन्तर्वार्ता अन्त्य भएको मिति र समयः

क. अन्तर्वार्तामा सामेल भएका उम्मेदवारहरुको विवरण

| क. स. | तह | विवरण | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |

ख. अन्तर्वार्तामा अनुपस्थित भएका उम्मेदवारहरुको विवरण

| क स | तह | विवरण | | | | | | | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | |
| २ | | | | | | | | | | |
| ३ | | | | | | | | | | |



| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | | | | | | | | | |
| ५ | | | | | | | | | | |
| ६ | | | | | | | | | | |

ग. अन्तर्वार्ता सञ्चालन गर्दा अनुभव गरेका राम्रा पक्षः

घ. अन्तर्वार्ता सञ्चालन गर्दा आइपरेका समस्याहरुः

ङ. समस्या समाधानका लागि गरिएका प्रयासहरुः

च. भविष्यमा अन्तर्वार्ता सञ्चालन गर्नका लागि आयोगलाई सुझावहरुः

अन्तर्वार्ता समितिका संयोजकको नामः
सहीः

अन्तर्वार्ता समितिका सदस्यको नामः
सहीः

अन्तर्वार्ता समितिका सदस्यको नामः
सहीः

अनुसूची - ३

**(दफा ४.१(च) सँग सम्बन्धित)**

नेपाल सरकारत्र

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

खुला विज्ञापन अन्तर्गत एकभन्दा बढी तहमा लिखित परीक्षाबाट छनोट भई अन्तर्वार्तामा सहभागी उम्मेदवारले भर्ने फाराम

उम्मेदवारको नामः ____________________

बाबुको/आमाको नामः ____________________

बाजेको नामः____________________

स्थायी ठेगानाः ____________________

परीक्षामा सामेल भएकोः प्रदेशः ____________________

जिल्लाः____________________ विषयः____________________

तहः प्राथमिक/निम्न माध्यमिक/माध्यमिक

हाल अन्तर्वार्तामा सम्मिलित हुने तहः____________________

समूहः ____________________

अन्तर्वार्ता भएको मितिः ____________________

माध्यमिक , निम्न माध्यमिक र प्राथमिक तहमा लिखित परीक्षाबाट छनोट भएको भए सो को विवरणः

माध्यमिक तहः

| क. स. | छनोट भएको प्रदेश | विषय | समावेशी समूह | रोल नं. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

निम्न माध्यमिक तहः

| क. स. | छनोट भएको प्रदेश | विषय | समावेशी समूह | रोल नं. |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |

प्राथमिक तहः

| क. स. | छनोट भएको प्रदेश | समावेशी समूह | रोल नं. |
|---|---|---|---|
| १ | | | |
| २ | | | |

उम्मेदवारको दस्तखतः

मितिः



अनुसूची -४

**(दफा ४.१(ज) सँग सम्बन्धित)**

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

दक्ष/विज्ञ/विशेषज्ञहरुको नामावली सूची फाराम

प्रदेशः जिल्लाः अन्तर्वार्ता केन्द्रः

विषयः

| क स | दक्ष/विज्ञ/विशेषज्ञको नाम | पद | सम्बन्धित कार्यालय | ठेगाना | शैक्षिक योग्यता | मोवाइल नं. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |

तयार गर्नेको नामः

सहीः

मितिः

प्रमाणित गर्नेको नामः

सहीः

मितिः

अनुसूची -५

(दफा ४.१(ज) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

दक्ष/विज्ञ/विशेषज्ञहरुको हाजिरी फाराम

प्रदेशः जिल्लाः

अन्तर्वार्ता केन्द्रः

अन्तर्वार्ता सञ्चालन कार्यमा संयोजन गर्ने कार्यालयको नाम र ठेगानाः

| क. सं. | दक्ष/विज्ञ/ विशेषज्ञको नाम | शैक्षिक योग्यता | पद | ठेगाना | सम्बन्धित कार्यालय | मोवाइल नं. | हस्ताक्षर | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | पूरा | छोटकरी |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |
| ११ | | | | | | | | |
| १२ | | | | | | | | |
| १३ | | | | | | | | |
| १४ | | | | | | | | |

तयार गर्नेको नामः प्रमाणित गर्नेको नामः

सहीः सहीः

मितिः मितिः



अनुसूची -६

(दफा ४.१(ट) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

अन्तर्वार्तामा संलग्न उम्मेदवारहरुको हाजिरी फाराम

विज्ञापन नं. जिल्लाः तहः

श्रेणीः विषयः उम्मेदवार सख्याः

अन्तर्वार्ता मितिः २०७ / /

अन्तर्वार्ता केन्द्रः

| क. सं. | रोल नं. | उम्मेदवारको नाम, थर | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |

पेश गर्नेः

प्रमाणित गर्ने

अनुसूची - ७

(दफा ४.१(ट) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

## अन्तर्वार्तामा संलग्न कर्मचारीहरुको हाजिरी फाराम

प्रदेशः जिल्लाः अन्तर्वार्ता केन्द्रः

अन्तर्वार्ता मितिः २०७ / /

| क. सं. | कर्मचारीको नाम,थर | पद | दस्तखत | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |
| ५ | | | | |
| ६ | | | | |
| ७ | | | | |
| ८ | | | | |
| ९ | | | | |
| १० | | | | |
| ११ | | | | |
| १२ | | | | |
| १३ | | | | |
| १४ | | | | |
| १५ | | | | |
| १६ | | | | |

पेश गर्नेः प्रमाणित गर्नेः



अनुसूची - ८

(दफा ४.१(ठ) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

## अन्तर्वार्तामा सहभागी हुने उम्मेदवारको नामावली

प्रदेशः जिल्लाः

तहः श्रेणीः विषयः

अन्तर्वार्ता केन्द्रः अन्तर्वार्ता समयः अन्तर्वार्तामा सहभागी हुने सङ्ख्याः

| क. सं. | नतिजा क. सं. | उम्मेदवारको रोल नं. | उम्मेदवारको नाम,थर | अन्तर्वार्ता समूह | सत्र | अन्तर्वार्ता सञ्चालन हुने मिति | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |
| ९ | | | | | | | |
| १० | | | | | | | |
| ११ | | | | | | | |
| १२ | | | | | | | |
| १३ | | | | | | | |
| १४ | | | | | | | |
| १५ | | | | | | | |

तयार गर्नेको नामः प्रमाणित गर्नेको नामः

दस्तखतः दस्तखतः

मितिः मितिः

अनुसूची - ९

(दफा ४.१(द) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

अन्तर्वार्तामा संलग्न विशेषज्ञ तथा कर्मचारीहरुले पारिश्रमिक बुझेको भरपाई

प्रदेश: जिल्ला: अन्तर्वार्ता केन्द्र:

अन्तर्वार्ता मिति: २०७ / /

| क्र. सं. | दक्ष/विज्ञ/विशेषज्ञ / कर्मचारीको नाम, थर | पद | पारिश्रमिक दर | सिफ्ट संख्या | जम्मा रकम | १५% करकट्टी | बुझेको रकम | दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | |
| २ | | | | | | | | | |
| ३ | | | | | | | | | |
| ४ | | | | | | | | | |
| ५ | | | | | | | | | |
| ६ | | | | | | | | | |
| ७ | | | | | | | | | |
| ८ | | | | | | | | | |
| ९ | | | | | | | | | |
| १० | | | | | | | | | |
| ११ | | | | | | | | | |
| १२ | | | | | | | | | |
| १३ | | | | | | | | | |
| १४ | | | | | | | | | |
| १५ | | | | | | | | | |
| १६ | | | | | | | | | |

पेश गर्ने: प्रमाणित गर्ने:

मिति: मिति:



अनुसूची -१०

(दफा ४.१(घ) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

अन्तर्वार्तामा अनुभव तथा शैक्षिक योग्यताको अङ्क गणना फाराम

(खुला प्रतियोगितात्मक परीक्षा प्रयोजनको लागि)

विज्ञापन नं. प्रदेश: जिल्ला: विषय: माग पद सङ्ख्या:

उम्मेदवार सङ्ख्या: अन्तर्वार्ता मिति: तह: श्रेणी: अन्तर्वार्ता केन्द्र:

| क्र. सं. | उम्मेदवारको रोल नं. | उम्मेदवारको नाम,थर | सेवा प्रवेशको लागि तोकिएको न्यूनतम शैक्षिक योग्यताको श्रेणी | सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यता बापतको अङ्क | सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यताको श्रेणी | सेवा प्रवेशको लागि तोकिएको शैक्षिक योग्यताभन्दा एक तह माथिल्लो शैक्षिक योग्यता बापतको अङ्क | अस्थायी वा राहत अनुदान कोटामा नियुक्ति मिति | अनुभव | | | अनुभव बापत (अङ्क ५) | कुल अङ्क (शैक्षिक योग्यता र अनुभव बापतको अङ्क) |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | वर्ष | महिना | दिन | | |
| १ | | | | | | | | | | | | |
| २ | | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | | |
| ४ | | | | | | | | | | | | |
| ५ | | | | | | | | | | | | |
| ६ | | | | | | | | | | | | |
| ७ | | | | | | | | | | | | |
| ८ | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| १० | | | | | | | | | | | | |

द्रष्टव्य:

१) दरखास्तको अन्तिम मिति ————सम्मको मात्र सेवा अवधि गणना गरी प्रतिवर्ष शुन्य दशमलव पाँच अङ्कका दरले बढीमा पाँच अङ्क अनुभव बापत प्रदान गर्नुपर्नेछ ।

२) शैक्षिक योग्यताको अङ्क प्रदान गर्दा सेवा प्रवेशका लागि शैक्षिक योग्यताको प्रथम श्रेणीका लागि ३ अङ्क र द्वितीय श्रेणीका लागि २ अङ्क प्रदान गर्नुपर्नेछ ।
माथिल्लो शैक्षिक योग्यताको अङ्क प्रदान गर्दा प्रथम श्रेणीका लागि २ अङ्क र द्वितीय श्रेणीका लागि १ अङ्क प्रदान गर्नुपर्नेछ ।

अनुसूची - ११

(दफा ५.१(घ) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

अन्तर्वार्तामा अनुभव वापतको अङ्क गणना फाराम

(आन्तरिक प्रतियोगितात्मक परीक्षा प्रयोजनका लागि)

विज्ञापन नम्बर:
श्रेणी:
उम्मेदवार सङ्ख्या:
अन्तर्वार्ता मिति:

प्रदेश:
विषय:
तह:

जिल्ला:
माग पद सङ्ख्या:
अन्तर्वार्ता केन्द्र:

| क्र. सं. | उम्मेदवारको रोल नं. | उम्मेदवारको नाम, थर | स्थायी नियुक्ति मिति | अनुभव | | | अनुभव वापतको अङ्क |
|---|---|---|---|---|---|---|---|
| | | | | वर्ष | महिना | दिन | |
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |

द्रष्टव्य:

१ दरखास्तको अन्तिम मिति ——— सम्मको मात्र सेवा अवधि गणना गरी प्रति वर्ष एक अङ्कका दरले बढीमा १० अङ्क अनुभव वापत प्रदान गर्नुपर्नेछ ।



अनुसूची - १२

(दफा ५.१(ढ) सँग सम्बन्धित)

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

खुला विज्ञापनबाट शिक्षक पदपूर्तिका लागि सञ्चालन गरिने अन्तर्वार्तामा प्रयोग गरिने

अन्तर्वार्ता फाराम

विज्ञापन नं.    प्रदेशः    जिल्लाः

तहः    श्रेणीः    पद संख्या

उम्मेदवार सङ्ख्याः    विषयः    अन्तर्वार्ता मितिः २०७ / /

| क्र. सं. | उम्मेदवारको रोल नं . | उम्मेदवारको नाम,थर | व्यक्तित्व (३अङ्क) | विषयवस्तुको ज्ञान (६ अङ्क) | शिक्षण विधि सम्बन्धी ज्ञान (६ अङ्क) | जम्मा अङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अङ्क | अक्षरमा | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

माथिका कुनै पनि उम्मेदवारहरु मेरो काका, काकी, मामा, माइज्यू, फूपू फुपाजु, दाजु, भाइ, दिदी, बहिनी, भाउजु, बुहारी, भिनाजु ज्वाइँ, साला, साली ,छोरा, छोरी, भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, मामाको छोरा बुहारी, मामाको छोरी ज्वाइँ, फुपूको

छोरा, छोरी, पति, पत्नी, सालाको श्रीमती, सालीको श्रीमान नाता लगायत कुनै पनि नाता पर्दैनन् ।

अन्तर्वार्ताकर्ताको दस्तखतः

नामः

दर्जाः

मितिः

द्रष्टव्यः

१) कुनै पदको विज्ञापनमा अन्तर्वार्ता समितिको संयोजक तथा विज्ञहरको माथि उल्लिखित कुनै नाता पर्ने भएमा त्यस्तो मूल्याङ्कनकर्ताले उक्त समूहको सो दिनको अन्तर्वार्तामा भाग लिनु हुदैन ।

२) अन्तर्वार्तामा अधिकतम ७०% (१०.५ अङ्क) भन्दा बढी र न्युनतम ३५% (५.२५ अङ्क) भन्दा कम अङ्क दिंदा अनिवार्य रुपमा पुष्ट्याई दिनु पर्नेछ ।



अनुसूची - १३

**(दफा ५.१(ढ) सँग सम्बन्धित)**

नेपाल सरकार

शिक्षक सेवा आयोग

सानोठिमी, भक्तपुर

आन्तरिक प्रतियोगितात्मकका लागि सञ्चालन गरिने अन्तर्वार्तामा प्रयोग गरिने

अन्तर्वार्ता फाराम

विज्ञापन नं.  प्रदेशः  जिल्लाः

पद सङ्ख्याः  उम्मेदवार सङ्ख्याः  अन्तर्वार्ता मितिः २०७ /   /

तहः  श्रेणीः  अन्तर्वार्ता केन्द्रः

| क. सं. | उम्मदवारको रोल नं. | उम्मदवारको नाम,थर | व्यक्तित्व (३ अङ्क) | विषयवस्तुको ज्ञान - (६अङ्क) | शिक्षण विधि सम्बन्धी ज्ञान (६अङ्क) | जम्मा अङ्क | | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | अङ्क | अक्षरमा | |
| १ | | | | | | | | |
| २ | | | | | | | | |
| ३ | | | | | | | | |
| ४ | | | | | | | | |
| ५ | | | | | | | | |
| ६ | | | | | | | | |
| ७ | | | | | | | | |
| ८ | | | | | | | | |
| ९ | | | | | | | | |
| १० | | | | | | | | |

माथिका कुनै पनि उम्मेदवारहरु मेरो काका, काकी, मामा, माइज्यू, फुपू फुपाजु, दाजु, भाइ, दिदी, बहिनी , भाउजु, बुहारी ,भिनाजु ज्वाइँ, साला, साली ,छोरा,छोरी भतिजा, भतिजी, भाञ्जा, भाञ्जी, मामाको छोरा बुहारी, मामाको छोरी ज्वाइँ, फुपूको छोरा, छोरी, पति, पत्नी, सालाको श्रीमती, सालीको श्रीमान नाता लगायत कुनै पनि नाता पर्दैनन् ।

अन्तर्वार्ताकारको दस्तखतः

नामः

दर्जाः

मितिः

द्रष्टव्यः

१) कुनै पदको विज्ञापनमा अन्तर्वार्ता समितिको संयोजक तथा विज्ञहरुको माथि उल्लिखित कुनै नाता पर्ने भएमा त्यस्तो मूल्याङ्कनकर्ताले उक्त समूहको सो दिनको अन्तर्वार्तामा भाग लिनु हुदैन ।

२) अन्तर्वार्तामा अधिकतम ७०% (१०.५अङ्क) भन्दा बढी र न्युनतम ३५% (५.२५अङ्क) भन्दा कम अङ्क दिंदा अनिवार्य रुपमा पुष्ट्याइ दिनु पर्नेछ ।